पुनर्निर्माण प्राधिकरणमा तीन महिनाः

पुनर्निर्माणलाई तिव्रता दिने प्रयासहरु

२०७४ माघ १७ गते

प्रिय सञ्चारकर्मी मित्रहरु,

राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको प्रमुख कार्यकारी अधिकृतको जिम्मेवारी सम्हालेको तीन महिना पुगिसकेको छ । यो जिम्मेवारी वहन गर्दा नै मैले तीन महिनामा केही देखिने काम गर्नेछु भनी सार्वजनिक रुपमा प्रतिबद्धता व्यक्त गरेको थिएँ । यसर्थ, आज तीन महिनापछि यो अवधिमा भए, गरेका कामहरुको समीक्षा गर्न, अनुभव साट्न तथा पृष्ठपोषणका लागि यो भेटघाट आयोजना गरिएको हो ।

२०७४ कात्तिक ७ गते पदभार ग्रहण गर्नेक्रममा मैले टहरामा बसेका दाजुभाई तथा दिदीबहिनीको आँसु पुछ्नका लागि तीव्र रुपमा काम गर्नेछु भनी उल्लेख गरेको थिएँ । माघ २ को भूकम्प सुरक्षा दिवससम्म केही ठोस कार्य गर्ने वाचा गरिएको थियो । जिम्मेवारी लिएपछिका तीन महिनाको अवधिमा भए गरेका कार्यहरुलाई देहायबमोजिम बुँदागत रुपमा राख्न चाहन्छु ।

- २०७४ कात्तिक १७ गते स्थानीय सरकारका प्रतिनिधिमूलक संस्था गाउँपालिका महासंघ तथा नगरपालिका महासंघका तदर्थ समितिका प्रतिनिधिहरुसँग नेपाल सरकारको केन्द्रीय निकाय राष्ट्रिय पुनर्निर्माण प्राधिकरण, बैंकिङ्ग क्षेत्र तथा स्थानीय सरकार समेतको चार पक्षीय अन्तरक्रिया आयोजना गरी एक २८–बुँदे प्रतिबद्धता–पत्र जारी गरियो । सोही प्रतिबद्धता–पत्रमा उल्लेख भएबमोजिमको मार्गचित्र र अन्य चाँजोपाँजो मिलाउँदै पुनर्निर्माणका कार्यलाई तिव्रता दिने उद्देश्यले २०७४ आषाढ मसान्तसम्म र अझ सकभर मनसुनी बर्षा अघि नै ६० प्रतिशत (करिब ४ लाख साठीहजार) घर निर्माण गरिसक्ने लक्ष्यका साथ अघि बढ्ने काम भयो ।
- भूकम्प अति प्रभावित १४ जिल्लाका अतिरिक्त कम प्रभावित १८ जिल्लाका लागि आठ स्थानमा प्राधिकरणका जिल्ला कार्यालय स्थापना भएका छन् । ती कार्यालयले निर्वाचित भएर आएका स्थानीय तहसँग समन्वय र सहकार्य गरेर काम गरिरहेका छन् । लमजुङ पुगेर मैले त्यहाँको कार्यालयको मंसिर ११ गते उद्घाटन गरें । कम प्रभावित १८ जिल्लामा दोस्रो किस्ता वितरणको काम सुरु भइसकेको छ । त्यसका लागि देहायका व्यवस्थाहरु मिलाइएको छ ।

१) प्राविधिक कर्मचारीको व्यवस्थापनः

- स्थानीय तहका जनप्रतिनिधिहरुको माग अनुसार मंसिर महिनामै प्राविधिक कर्मचारीहरुलाई सबै स्थानीय सरकारको मातहत खटाइयो । खटाइएको ठाउँमा नगएका प्राविधिकहरुको नियुक्ति रद्द गरी बैकल्पिक सूचीबाट खटाउने क्रम पनि जारी छ ।
- प्राविधिक कर्मचारीहरुको दूर्गम भत्तालाई पाँच समूहमा विभाजन गरी तर्कसंगत बनाई मन्त्रीपरिषद्को निर्णयपछि कार्यान्वयन गरिएको छ ।
- हरेक महिनाको पहिलो साता तलब भत्ता पाउने प्रक्रिया सुनिश्चित गरिएको छ ।
- हरेक जिल्लामा कमसेकम एक जिल्ला सहयोग इञ्जिनियर ९म्क्भ्० को व्यवस्था गर्न लागिएको छ ।

यसले प्राविधिक विना स्थानीय तहमा अघि बढ्न नसकेको पुनर्निर्माण कार्यलाई थप गति प्रदान गरेका कारण हाल निर्माण सम्पन्न (९५ हजार) तथा निर्माणाधीन (२ लाख ८३ हजार) निजी आवासको संख्या झण्डै ४ लाख पुग्न लागेको छ ।

२) निर्माणकर्मीको आपूर्ति व्यवस्थाः

- स्थानीय तहमा मिस्त्री तथा कामदारको अभाव हुन नदिन उपर्युक्त प्रतिबद्धतामा उल्लिखित माग बमोजिम साविकमा तालिम लिएका करिब ५६ हजार निर्माणकर्मीका अतिरिक्त यसलाई थप प्रभावकारी बनाउन भूकम्प प्रभावित सबै ३२ जिल्लाका २८२ स्थानीय तहमा डकर्मी तालिम संचालन गरिएको छ । पौष महिनाबाट तालिम शुरु भएको यस्तो तालिमको कारण फाल्गुण मसान्तसम्ममा करिब ४१ हजार थप डकर्मीको आपूर्ति हुने व्यवस्था मिलाइएको छ ।
- यसरी तालिम दिइने डकर्मीहरु परम्परागत रुपमा सोही पेशा गरिआएका तथा यस पहिले यस्तो तालिम नलिएकाहरुका लागि आयोजना गरिएको हो ।
- प्रति प्रशिक्षार्थी २० हजारमा नबढ्ने गरी खर्चको मापदण्ड तयार गरिएको र त्यसमा पनि पारिश्रमिकलाई दैनिक भत्ता रु. ७००, खाजाबापत रु. १५० र आवतजावत खर्चका लागि रु.१०० दिइने; तालिमका क्रममा रु. १६०० का औजार दिने व्यवस्था छ ।
- यस्ता डकर्मीहरुले तालिम लिएका हुन भन्ने सुनिश्चितताका लागि स्थानीय सरकार (गा.पा./ न.पा.) का प्रमुख, तालिम प्रदायक संस्थाका प्रतिनिधि तथा राष्ट्रिय पुनर्निर्माण प्राधिकरणका प्रतिनिधिको हस्ताक्षर रहेको प्रमाणपत्र दिइने व्यवस्था पनि मिलाइएको छ ।

३) निर्माण सामग्रीको आपूर्ति व्यवस्थाः

- भूकम्प पीडितहरुका लागि स्थानीय सरकारहरुले ढुंगा, गिट्टी, बालुवा आपूर्ति सित्तैमा दिने, ठेक्का लागिसकेको अवस्थामा सहुलियत दरमा र आफ्नो भौगोलिक क्षेत्रमा उपलब्ध नभएमा छिमेकी स्थानीय तहसँग समन्वय गरी सहजरुपमा उपलब्ध गराउने गरी उपर्युक्त प्रतिवद्धता पत्रबाट जिम्मा लिइसकेका छन् ।
- स्थानीय तहबाट पारित हुने आवास निर्माणको नक्शा एकसाता भित्रै तथा निःशुल्क रुपमा स्थानीय तहले उपलब्ध गराउने प्रतिवद्धता जनाए बमोजिम कार्य भइरहेको छ ।
- स्थानीय तहमा सडकको अधिकार क्षेत्र भनी सडक सीमा तोक्ने अधिकार स्थानीय सरकारकै भएकाले खोला तथा सडकको क्षेत्र भनी नक्शा पास गर्ने बेलामा हुने अवरोध हटाइएको छ ।
- निजी आवास निर्माणका लागि आवश्यक पर्ने काठ आपूर्तिका लागि वन तथा भू–संरक्षण मन्त्रालय तथा वन विभागमार्फत सबै जिल्ला वन कार्यालय तथा टि.सि.एन.सँग समन्वय गरिएको छ । काठ अभाव समस्या समाधान गरिएको छ ।
- निजी क्षेत्रबाट आपूर्ति हुने सिमेण्ट, छड लगायतका निर्माण सामग्रीहरुको बजारभाउ एक्कासी बढाइएको र कतिपय ठाउँमा आपूर्तिको समस्या देखिएबाट प्राधिकरणमा सम्बद्ध पक्षलाई आमन्त्रण गरी पुनर्निर्माणको संवेदनशिलता र गाम्भिर्यतालाई विचार गरी ती सामग्रीको आपूर्ति सहज, सर्वसुलभ तथा सुपथ बनाइदिन अनुरोध गर्दै एक छलफलको कार्यक्रम पनि आयोजना गरिएको र गृह मन्त्रालयलाई पनि लेखापढी गरिएको ।
- निर्माण सामागीमा अस्वभाविक मुल्यबृद्धि भएको भन्ने गुनासोलाई मध्यनजर गर्दै यही माघ ५ गते सिमेन्ट उत्पादक संघ, सिमेन्ट उद्योगी, उद्योग मन्त्रालय, गृहमन्त्रालय, आपुर्ति व्यवस्था विभाग, उपभोक्ता हित संरक्षण मञ्च लगायतका प्रतिनिधिलाई बोलाएर छलफल गरिएको । माघ १५ गते सिमेन्ट उद्योगी तथा व्यवसायीले सिमेन्टको मूल्यमा प्रति बोरा २३ रुपैयाँसम्म घटाएका छन् ।

४) जोखिममा रहेका लाभग्राहीको आवास निर्माण व्यवस्थाः

कतिपय जोखिममा रहेका लाभग्राहीको आवास निर्माण एक मानवीय चुनौती भएको छ । प्राधिकरणले हाल त्यस्ता व्यक्तिहरुको परिभाषा गरी (७० बर्षमाथिका वृद्धवृद्धा, ६५ बर्ष नाघेका असक्त एकल महिला, दृष्टिविहीन लगायतका रातो तथा निलो कार्डधारी अपांगता भएका व्यक्ति तथा १६ बर्ष मुनिका नाबालिग) तिनीहरुको घरबासको अवस्था स्थानीय सरकार मार्फत लगत संकलन गरी उनीहरुको आवास निर्माणको वैकल्पिक व्यवस्था गर्न एक कार्यविधि तयार गरी अघि बढाइएको छ ।

५) सहुलियत ऋणको व्यवस्थाः

- सरकारको घोषित नीति बमोजिम विभिन्न बैंक तथा वित्तीय संस्थाहरुबाट प्रवाह हुनु पर्ने निव्र्याजी रु. ३ लाख एवं सहुलियत व्याजको उपत्यका भित्र रु. २५ लाख तथा उपत्यका बाहिर रु. १५ लाख सम्मको ऋण लगानी उलेख्य रुपमा नभैरहेको सन्दर्भमा यसमा सम्बन्धित निकायसँग छलफल गरी समाधान उन्मुख छ । बैंकहरु ऋण लगानीका लागि तयार देखिएका छन् ।
- रु. २५ लाख तथा रु. १५ लाखका लागि ५ देखि १० वर्षसम्म २ प्रतिशत व्याजमा यस्तो ऋण विभिन्न बैंकहरुबाट उपलब्ध हुने व्यवस्था गरिएको छ ।

६) जोखिम बस्ती स्थानान्तरणको व्यवस्थाः

- भूकम्पबाट जोखिममा परेका र भौगर्भिक अध्ययन भएका विभिन्न स्थानका जोखिमयुक्त बस्तीहरुलाई पीडितहरुको चाहना तथा उपलब्धता बमोजिम सुरक्षित स्थानमा सार्ने कार्यलाई तिव्रताका साथ अगाडि बढाइएको छ । त्यसक्रममा दुई लाख रुपैया अनुदान दिएर नुवाकोटका ६५ घरपरिवार, रसुवाका ९४ परिवार, रामेछापका १५, धादिङ १४ र सिन्धुपाल्चोकका १८ घरपरिवारलाई सुरक्षित ठाँउमा सार्ने प्रयोजनका लागी जग्गा व्यवस्थापन गरिएको छ । यो क्रम जारी राखिएको छ । जोखिमयुक्त स्थानबाट अन्यन्त्र स्थानमा सर्न चाहने भूकम्प पीडितहरुलाई हामी प्रोत्साहन गर्दछौं ।

७) समय तालिकाको व्यवस्थाः

- २०७४ आषाढ २८ गतेको निर्देशक समितिको निर्णय अनुसार २०७२ पौष मसान्तभित्रै दोश्रो किस्ताको सिफारिस लिने भनी गरिएको  समय तालिका अनुसार विविध कारणले सो अवधिभित्र कतिपय भूकम्पपीडितले दोस्रो किस्ताका लागि आवेदन गर्न नसकेको परिप्रेक्ष्यमा अर्को निर्णय नभएसम्मका लागि आवेदन दिने व्यवस्था मिलाइएको र पुनर्निर्माण कार्यलाई निरन्तरता दिइएको छ । निर्देशक समितिको बैठक सकभर माघ महिनाभित्रै बसी आवश्यक निर्णय लिइनेछ ।

८) गुनासो सम्बन्धी व्यवस्थाः

- पुनर्निर्माण सम्बन्धमा देखिएको समस्याबारे गुनासो दर्ता गर्न मंसिर मसान्तसम्मको तालिका तय गरी निजी आवास पुनर्निर्माणलाई थप गति दिन उत्प्रेरित गरियो । स्थानीय तहका वडा

अध्यक्षको समिति र स्थानीय गा.पा./न.पा. को सिफारिस बमोजिम ती गुनासोको यथाशीघ्र संबोधन गरिनेछ ।

९) अन्य सम्पदाको पुनर्निर्माणको प्रयासः

- धरहराको पुनर्निर्माण प्राधिकरण स्वयम्ले निर्माण गर्ने र सकभर यही आर्थिक बर्षभित्रै शिलान्यास गर्ने प्रयास भैरहेको छ ।
- रानीपोखरी तथा काष्ठमण्डप पुनर्निर्माणलाई समन्वयात्मक तरिकाले सबै सरोकारवालाको भावना समेटी अगाडि बढाइने छ ।
- दरबार हाइस्कूलको पुनर्निर्माणमा समन्वयात्मक भूमिका खेली काम अघि बढाइएको छ । सो स्कुलको पुनर्निर्माण बाह्य स्वरुप (facade) परम्परागत ढाँचामा रहने गरी यथाशिघ्र अगाडि बढाउन सरोकारवाला निकायलाई निर्देशन दिइएको छ ।
- बागदरबार पुनर्निर्माणवारे प्रतिवेदनसहित उपस्थित हुन महानगर र पुरातत्व विभागलाई निर्देशन दिइएको र यसबारे पनि छिट्टै उपयुक्त निश्कर्ष निकालिने छ ।

१०) विविध व्यवस्थाः

- विभिन्न जिल्लाका भूकम्प पीडितहरुको पुनर्जाँच र पुर्नसर्वेक्षण गर्न लगाई १ लाख ३० हजार भन्दा बढी तथ्याङ्क संकलन गरी वास्तविक भूकम्पपीडितबारे प्राप्त सूचना प्रशोधनको काम भइरहेको छ ।
- बिकास साझेदार संस्थाहरुसँग पुनर्निर्माणलाई थप तिव्रता दिनेवारे पटक पटक छलफल गरी उनीहरुसँग सहकार्य अघि बढेकै छ ।
- भूकम्प प्रभावित ३२ जिल्लामा समग्र पुनर्निर्माण कार्यहरुको अनुमगन तथा सहजीकरण गर्न कार्यकारी समिति सदस्यहरुलाई जिम्मेवारी दिएको छ । म स्वयं पनि समय मिलाइ अनुगमनमा जाने गरेको छु । अनुगमन कार्य क्षेत्र छुट्टाएर कार्यकारी समिति सदस्यहरुलाई ३२ जिल्लामै हुने र भैरहेका पुनर्निर्माणसँग सम्बन्धित समग्र कार्यहरुको अनुगमन तथा सहजीकरण गर्ने जिम्मेवारी दिइएको हो ।

११) जिल्ला स्तरीय समन्वयको नयाँ व्यवस्थाः

- भूकम्पबाट प्रभावित संरचनाहरुको पुनर्निर्माणको कार्यलाई थप तिव्रता दिन तथा भूकम्पबाट प्रभावित क्षेत्रमा प्राधिकरणबाट भए गरेका काम कारवाहीमा समन्वय र सहजीकरण गर्नका लागि

सबै जिल्लाका जिल्ला समन्वय समितिका प्रमुखको संयोजकत्वमा प्रमुख जिल्ला अधिकारी, जिल्ला समन्वय अधिकारी, जिल्ला वन अधिकृत, मालपोत अधिकृत, नापी अधिकृत, जिल्ला आयोजना कार्यान्वयन इकाइका प्रमुखहरु (शहरी विकास मन्त्रालय, स्थानीय विकास मन्त्रालय), कोष तथा लेखा नियन्त्रण कार्यालय प्रमुख तथा बैंकका प्रमुखहरु समेत सम्मिलित जिल्ला पुनर्निर्माण सहजीकरण समिति गठन गरिएको र यसले जिल्लास्तरबाट सहजीकरण तथा समन्वयको कार्य गरिरहेको छ ।

१२) बाढी पुनर्निर्माण आयोजना

- २०७४ भदौमा आएको बाढीका कारण तराईका १८ वटा जिल्लामा भएको विनाश र क्षतिको पुनर्निर्माण गर्ने जिम्मेवारी पनि पुनर्निर्माण प्राधिकरणमा आएको छ । ती क्षेत्रको पुनर्निर्माणका लागि आवश्यक अध्ययन गरी नीतिगत व्यपस्था मिलाउन र पुनर्निर्माणको समन्वय गर्न प्राधिकरण मातहत बाढी पुनर्निर्माण आयोजना स्थापना भएको छ । प्रभावित क्षेत्रमा गएर अध्ययन गर्ने काम पनि चलिरहेको छ ।
- यस बर्षको बाढीबाट प्रभावित तराईका जिल्लाहरुका बाढी पीडित ४१ हजार ६२६ घरपरिवारलाई राहत स्वरुप प्रति परिवार १५ हजार र जाडोबाट जोगाउन न्यानो कपडा किन्न प्रति घरपरिवार अलग्गै १० हजारका दरले अनुदान उपलब्ध गराइसकिएको छ । त्यसका लागि गृहमन्त्रालयलाई प्राधिकरणबाट १ अर्ब ६ करोडको अख्तियारी  दिइएको र सो को वितरण भइरहेको छ ।
- काठमाडौ उपत्यकाभित्रै पुनर्निर्माणले गति लिन नसकेको सन्दर्भमा काठमाडौ जिल्लाका ११ स्थानीय तहका प्रमुख तथा उपप्रमुख एवम् जिल्ला समन्वय समितिका प्रमुख तथा उपप्रमुख सहित २०७४ माघ १५ गते छलफल गरी विभिन्न समस्याहरुको समाधानका उपायहरु निकाल्ने प्रयास गरिएको छ ।

१३) चुनौति र समाधानः

- यी सबै प्रयासका बाबजूद कैयौं भूकम्पपीडितले अझै घर बनाउन नसक्नु, ऐतिहासिक धरोहर र सम्पदाहरूको पुनर्निर्माणले आशातित गति लिन नसक्नु, विद्यालय तथा स्वास्थ्य संस्था र खानेपानी जस्ता पूर्वाधारका क्षेत्रमा सोचेको गतिमा काम हुन नसक्नु केही समस्या भएता पनि त्यसको जरो पत्ता लगाई समाधान गरिंदैछ ।
- यी पक्षलाई हामीले आत्मसात् गर्दै पुनर्निर्माणको यो महाअभियानलाई समयमै सफल पार्न प्राधिकरणको एकल प्रयासले मात्र नभई सवै सरकारी निकाय, निजी क्षेत्र, राष्ट्रिय तथा अन्तराष्ट्रिय दातृ निकाय तथा गैरसरकारी संस्था, संचार जगत, पेशाकर्मी लगायत सवैको सहयोग अपरिहार्य छ

। यहाँहरु सबैको सहयोगले हामीलाई यस पुनर्निर्माणको अभियानमा थप जाँगर र उत्साह जगाएको छ ।

हाम्रो निमन्त्रणा स्वीकार गरी यहाँ उपस्थित सबै संचारकर्मी मित्रहरु हार्दिक धन्यवाद ज्ञापन गर्दछु । धन्यवाद !

(युवराज भूसाल)

प्रमुख कार्यकारी अधिकृत

राष्ट्रिय पुनर्निर्माण प्राधिकरण

सिंहदरबार, काठमाडौं